# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## बुढीनन्दा नगरपालिका
## बाजुरा ।




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम ... महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः२०७६/७७
च.नं ४२७

मितिः २०७७/३/२६

श्री नगरप्रमुखज्यू,
बुढिनन्दा नगर कार्यपालिकाको,कार्यालय,
बाजुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

२०७७/३/२६

..................
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६/७७
च.नं :४३६

मिति : २०७७।३।२६

श्री नगरप्रमुखज्यू,
बुढिनन्दा नगरपालिका, बाजुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले बुढिनन्दानगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ६ करोड २९ लाख ५२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु८२ लाख ९० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३ करोड ९ लाख, नियमित गर्नुपर्ने रु. १ करोड ६१ लाख १४ हजारर पेश्की बाँकी रु.७६ लाख ४८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।३० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १८ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२६
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# बुढिनन्दा नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अन्तर्गत १० वडा रहेको, ५३ सभा सदस्य, २३२.४८ बर्ग कि.मी. क्षेत्रफल, १८७७६ जनसंख्या र सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोषः** स्थानीय सरकार संचालन ऐन २०७४को दफा ६९ र ७२ वमोजिम बुढीगंगा नगरपालिकाले प्राप्त गरेको आय,व्यय अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५/७६ का समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क्र.स. | आयतर्फ | | क्र.स. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | यस आवकोरु. | | विवरण | यस आवकोरु. |
| १ | गत वर्षकोजिम्मेवारी | | १ | चालु खर्च | २७३५५९९३०.२० |
| | नगद | | २ | पूजिगतखर्च | १५२६४३६०८.२३ |
| | बैंक | ६०१०६१६१.२७ | ३ | वित्तियव्यवस्था भुक्तानी | |
| २ | राजश्व (आन्तरिक आय) | | | ऋणभुक्तानी | |
| | आन्तरिकराजश्व | २९९४५१२.८८ | | व्याजभुक्तानी | |
| | राजश्वबाँडफाँड | ५१८५९८६९.६९ | ४ | सशर्तअनुदान | |
| | अन्य आय | ५३५७४०९३.५८ | | शिक्षा | |
| ३ | वित्तियहस्तान्तण | | | स्वास्थ्य | |
| | वित्तियसमानीकरण अनुदान | ११६५९९०००.०० | | | |
| | ससर्तअनुदान | १३८९२४७५०.०० | | कृषि पशु | |
| | समपूरकअनुदान | २७९८००००.०० | | बिशेषअनुदान | |
| | विशेषअनुदान | ३००००००००.०० | ५ | धरौटीफिर्ता | ७५६०००.०० |
| | प्रदेशविशेष अनुदान | ७५०००००.०० | ६ | कोष खर्च | |
| ४ | सशर्तअनुदान | | ७ | मौज्दात | |
| | शिक्षा | | | नगदमौज्दात | |
| | स्वास्थ्य | | | धरौटीमौज्दात | २१४१८७०.६९ |
| | कृषि पशु | | | बैंकमौज्दात | ४४३३९६८६.७० |
| | बिशेषअनुदान | | ८ | को.ले.नि.का.फिर्ता | १८९१११६६.७९ |
| ५ | धरौटी आय | २८१३८७५.१९ | | | |
| जम्मा | | ४९२३५२२६२.६१ | जम्मा | | ४९२३५२२६२.६१ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । वार्षिक खरिद योजना, नागरिक वडापत्र, सेवाग्राही मैत्री संरचना, मलेप फारम नं. २, भ्रमण अभिलेख खाता, खरिद इकाई गठन जस्ता कार्यमा कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गराई कार्यान्वयन गर्नु गराउनुपर्दछ । तर सो अनुसार तयार गरेको र आन्तरिक नियन्त्रण प्रणाली कायम गरेको छैन । यसमा सुधार हुनुपर्दछ । | |
| २. | **वित्तीय विवरणको यथार्थता :** नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरणहरु, लेखानीति तयार गर्ने यो वर्ष स्वेच्छिक भएपनि २०७६/७७ देखि अनिवार्य रुपले तयार गर्नुपर्ने भएकोले तदनुसार वित्तीय विवरण तयार गर्ने गरी लेखा राख्ने व्यवस्था हुनुपर्दछ । | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सोको पूर्णपालना गर्नुपर्ने देखियो । | |
| ४. | **सम्पत्ति लेखांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ मा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भई आएका स्थानीय स्तरका कार्यालयका संरचना चल, अचल सम्पत्ती संरचना (कृषि, पशुसेवा, उपकेन्द्र, स्वास्थ्य चौकी, आर्युर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र र सामुदायिक सिकाई केन्द्र) विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना आदि स्वत हस्तान्तरण हुने उल्लेख छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाको लगत तयार गरी २०७६ असार मसान्त सम्म पनि सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।<br>नगरपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गर्नुपर्ने देखिएको छ । | |
| ५. | **वार्षिक खरिद योजना :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद इकाई गठन तथा खरिद योजना बनाई कार्यान्वयन गरेको देखिएन । नियममा भएको व्यवस्था कार्यान्वयन गर्नु पर्दछ । | |
| ६. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीयत तह संचालन ऐन, २०७४ को दफा ६७ मा ७ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउन अझ बढी ध्यान दिनुपर्ने देखियो । | |
| ७. | **वडा संचालन खर्च :** खर्चको विल भर्पाई पेश गरेपनि खर्च शिर्षक नियमित नगरी जुनसुकै प्रकारको विल भर्पाई पेश गरेपनि सोधभर्ना तथा खर्च लेख्ने गरी यस पालिकाले वडा नं. १ देखि १० सम्मको प्रतिवडा रु. ९० हजारका दरले स्टेशनरी, चियापान, वडासभा संचालन खर्चको लागि रु. ९ लाख खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ८. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |

९. **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१०. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले संचालन गरेको नगरस्तरिय र वडास्तरिय आयोजना मध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । यस तर्फ ध्यान दिनुपर्दछ ।

१०.१ **समानीकरण अनुदान :** अर्थ मन्त्रालयले पठाएको अन्तर सरकारी वित्त हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शन अनुसार महालेखा नियन्त्रक कार्यालयले स्थानीय संचित कोषमा अनुदानको एक चौथाई प्रत्येक वर्ष साउन २५, कार्त्तिक २, माघ २ र वैशाख २ गरी ४ किस्तामा दाखिला गर्ने व्यवस्था छ । तर यस पालिकामा प्रथम किस्ता असोज २२मा दोश्रो किस्ता पोष १०, तेश्रो किस्ता वैशाख १९ र चौथो किस्ता आषाढ ५ मा प्राप्त गरी सो निर्देशनको पालना गरेको देखिएन । यसरी समयमानै प्राप्त हुने रकम प्राप्त नहुँदा विकास निर्माणमा वाधा पुग्ने भएकोले निर्देशनको पालना हुनुपर्दछ ।

१०.२ वित्तीय समानीकरण अनुदानबाट खर्च भएको विवरण सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्त्तिक १, माघ १, वैशाख १ वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गते भित्र पेश गर्ने व्यवस्था छ । यस अनुसार यस पालिकाले वार्षिक आर्थिक विवरण साउन १९, मा पठाई समयमा नै पठाएको भएपनि सो वाहेक चौमासिक विवरण भने जेठ ७ मा मात्र पठाएको देखियो । यसरी समयमा खर्चको विवरण पठाएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

११. **चौमासिक प्रगति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) नगरपालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानूनको पालना गरी वित्तीय सुशासनको प्रवर्द्धन गर्नुपर्दछ ।

१२. **प्रशासकीय संगठन र कर्मचारी दरवन्दी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । यसमा वडाको संगठन संरचना समेत समावेश हुनुपर्दछ । साथै, प्रमुख प्रशासकीय अधिकृतले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । स्थायी दरवन्दी सिर्जना गर्न नसकिने नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पल्म्वर, इलेक्ट्रीसियन, चौकीदार, माली, वगैचे, सरसफाई सम्वन्धी पदमा स्थायी पदपूर्ती नगरी सेवा करार लिनुपर्ने व्यवस्था छ । साथै, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्वन्धि सभाबाट स्वीकृत गराउनु पर्ने पर्दछ । तर यस पालिकाले सो अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छैन । साथै, नेपाल सरकारले स्वीकृत गरेको दरवन्दीमा देहायनुसार २४१ स्वीकृत रहेकोमा हाल जम्मा शिक्षक समेत ११४ जना स्थायी, ६९ करार शिक्षक २६ जना राहत गरी १८१ जना कार्यरत र रहेका छन । दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन नहुँदा स्थानीय सरकारबाट दिइने सेवा प्रवाहमा गम्भीर असर परेकोले अपेक्षित जनताको सेवा गर्न नसकेको जानकारी प्राप्त भएको छ । तसर्थ यथाशिध्र कर्मचारी व्यवस्थापन हुनुपर्ने देखियो ।

| क्र.सं | विवरण | दरवन्दी | स्थायी | करार | राहत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका वडा समेत | ४९ | ७ | १२ | ० | १९ |
| २ | कार्यालय सहयोगी | २० | ० | २० | ० | २० |
| ३ | कृषि भेटनेरी | ५ | ३ | ० | ० | ३ |
| ४ | स्वास्थ्य | २८ | २१ | ७ | ० | २८ |
| ५ | स्वास्थ्य करार | १९ | ० | १९ | ० | १९ |
| ६ | शिक्षक | १२० | ८३ | ११ | २६ | १२० |
| | **जम्मा** | **२४१** | **११४** | **६९** | **२६** | **१८१** |

१३. **यकालीन खर्च संरचना:-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भए पनि तदनुसार मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

| | | |
|---|---|---|
| १४. | **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि पालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुदैन । यस नगरपालिकाले घर नक्सा पास गर्ने व्यवस्था समेत गरेकोमा २ वटा घर नक्सा पास गरेको छ । यसवाट दफा ४३ अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने दायित्व पूरा रुपले गरेको छैन । भवन संहिताको पालना गर्दा भविष्यमा पर्ने विपद् जोखिम न्यून हुने जनता बिच कानुनको परिपालनावाट विवाद सामाधानमा सहयोग पुग्ने, सरकारी जग्गाको संरक्षण समेतमा सहयोग पुग्ने र आन्तरिक आयमा समेत सहयोग पुग्ने हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्नु अति आवश्यक छ । यसतर्फ सम्पूर्ण जनतामा सचेतनाको कार्यक्रम संचालन गरी जनसहभागिताको माध्यमवाट शिघ्र कार्यान्वयन गर्नुपर्दछ। | |
| १५. | **सम्पत्ति हस्तान्तरण र जिन्सी निरिक्षण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा मा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले जग्गा, भवन संरचनाको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । वडा कार्यालयहरुमा रहेका सामानहरुको एकिन हुने गरी जिन्सी निरीक्षण गरेको छैन । यसका अतिरिक्त नियमानुसार जिन्सी निरीक्षण नगर्नुका साथै माग फारममा सामान माग गरेको भएपनि निकासी नम्वर र सामान बुझ्नेको गत वर्षको जिम्मेवारी, खप्ने नखप्ने समान समेतको दस्तखत समेत गरेको देखिएन । तत्काल जिन्सी निरीक्षण गरी जिन्सी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ । | |
| १६. | **सेवा प्रवाह** : स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खर्च तथा खरिद प्रक्रिया कानुनविपरीत हुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवाप्रवाहमा समस्या रहेको छ । यस तर्फ विशेष ध्यान दिन जरुरी छ । | |
| १७. | **निशुल्क औषधि लोगो :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ को खण्ड (च) मा सरकारी जिन्सी सामानको दुरुपयोग हुन नपाउने गरी आन्तरीक नियन्त्रण व्यवस्था अपनाउनु पर्ने उल्लेख छ । संघीय संसद सार्वजनिक लेखा समितिले पनि नेपाल सरकारबाट निशुल्क रुपमा वितरण हुने औषधिमा नेपाल सरकारबाट निशुल्क वितरणको लोगो लगाउनु पर्ने निर्देशन दिएको छ । यसरी लोगो नलगाइएको कारणले रु. ३२,१२,०६३। बराबरका ती औषधीबाट कुनै व्यक्तिले फाइदा हुने गरी प्रयोग गर्न नसक्ने र निशुल्क वितरणको लोगो नलागाएमा दुरुपयोग हुन सक्ने भएकोले सो सुनिश्चित हुने गरी निशुल्क वितरणको लोगो प्रयोग हुनुपर्दछ । साथै, प्रतिस्पर्धा नगरी कोटेशनबाट सिधै खरिद गरेको देखियो । यसमा सुधार हुनुपर्दछ । | |
| १८. | **आन्तरिक आय :** नगरसभाले आन्तरिकबाट रु. १०,००,०००। प्राप्त हुने अनुमान गरेको भएपनि बोलपत्र विक्री रु. १०२७४००। र कर्मचारी विज्ञापन घर भाडा मदिरा सेवनको जरिवाना वापत रु. १०१२७६६।७७ लगायत अन्यबाट समेत रु. २९९४५१२।८८ प्राप्त भएकोमा देखिएका व्यहोरा देहायनुसार छन :<br>१) नक्सापासबाट आय रु. १ हजार प्राप्त भएको छ र नक्सापास गरी घर बनाउने कार्य व्यवस्थित तरिकाले हुने गरेको देखिएन ।<br>२) सिफारिश मालपोत आदी असूल गरी प्राप्त राजस्व दैनिक रुपमा मलेप फारम १०८ मा पोष्टिङ्ग गरी देखाउनुपर्नेमा असूल भएको विभिन्न प्रकारको राजस्व वडा ४,६,९ बाट कुनै रकम प्राप्त भएको छैन । अन्य वडाबाट रसिद संकलन भएको मध्ये २ नं. वडाको एकिन भएको भएपनि अन्य वडाबाट प्राप्त राजश्वको रसिद र वडाबाट उठेको राजस्व आय एकिन गरी स्पष्ट हिसाव गरी गराई आयको हिसाव फरफारक गर्न लेखाशाखाबाट पत्रमार्फत जानकारी प्रत्येक वडालाई दिएको भएपनि तदनुसार नगरेकोले शिघ्र हिसाव फरफारक गर्नुगराउन पर्दछ । | |

१९. **अनुगमन मूल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ ख (५) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन वैठकमा पेश गर्ने अधिकार पालिकाको उपप्रमुखलाई दिएको छ । सो अनुसार प्राविधिक तथा प्रशासनिक प्रमुख समेत रहने गरी अनुगमन समिति गठन गरेकोमा नगरस्तरका योजनाको मात्र अनुगमन गरेको छ । वडास्तरका योजनाको अनुगमन वडाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले अनुगमन गरेको छ । सवै अनुगमन समितिको प्रतिवेदन संलग्न गरी सुधार हुनुपर्दछ ।

२०. **फोहोरमैला व्यवस्थापन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ (झ) मा आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धि पूर्वाधारको विकास र व्यवस्थापनमा निजी र गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्ने व्यवस्था छ । यस कार्यलाई सफल पार्न डम्पिङ साइट निर्माण र फोहोर संकलन गर्न २ जना स्वीपर राखेको छ । डम्पीङ साइट निर्माणमा रु. २ करोड खर्च गरेको छ । यसमा प्लाष्टिकजन्य फोहोर पार्ने प्रवृत्ति बढ्दै गएकोले त्यसतर्फ पालिका सचेत हुनुपर्दछ ।

२१. **खरिद व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथमचौमासिक अवधिमा गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आवको तेस्रो चौमासिकमा सूचना प्रकाशन गरि देहाय बमोजिम खरिद कार्य गरेको देखियो ।

| क्र.सं. | कार्यक्रमको नाम र ठेक्का नम्वर | बोलपत्र विक्री संख्या | बालपत्र दाखिला संख्या | लागत अनुमान (मुअकर बाहेक) | स्वीकृत रकम | घटी/बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण | २ | २ | ८८८७७७७७. | ७४३३१७५९ | -१६.३७ |
| २ | ल्याण्डफिल साइट निर्माण | ५१ | ४ | १६७७५००० | १६६९१७९८ | -०.५० |
| ३ | ल्याण्डफिल साइट जोड्ने सडक | २७ | ४ | २७१०७८० | २५५३६४६ | -५.८० |
| ४ | नन्देश्वरी कोल्टी सडक | ४९ | ४ | ६२२६४४५ | ६१८०७०८ | ०.७४ |
| ५ | मार्तडी कोल्टी सडक | ८ | ४ | ३८५४४४९ | ३८०८७४४ | १.२० |

कार्यालयले क्रमसंख्या १ देखि ५ सम्मका टेण्डर मध्ये प्रशासकीय भवन निर्माणको ई-टेण्डरिङ भएको छ ।सो वाहेक अन्य निर्माणको बोलपत्र विक्री संख्याको तुलनामा दाखिला न्यून रहेको छ । साथै, स्वीकृत रकम लागत अनुमानसँग ज्यादै नजिक रहेको छ  अर्थात ०.५ प्रतिशत देखि अधिकतम ५.८० प्रतिशतसम्म मात्र  घटी रहेकोले स्वच्छ प्रतिस्र्धा भएको मान्न सकिएन । पूर्ण रुपमा प्रतिस्पर्धा गराउनेतर्फ ध्यान जानुपर्दछ ।

## वित्तीय समानिकरण पूजिगततर्फ

२२. **सडक सीमा अधिकार क्षेत्र :** स्थानीय तहहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ अनुसार आफ्नो क्षेत्रभित्रको स्थानीय सडकको दाँयावाँयाको अधिकार क्षेत्र ( Right of way ) को सीमा तोक्न सक्ने व्यवस्था छ । सो अनुसार राइट अफ वे तोकेको छैन । यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२३. **विद्युत्त उत्पादनमा लगानी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (३) मा एक मेघावाट सम्म जलविद्युत्त आयोजना कार्यान्वयन गर्ने व्यवस्था छ । यस पालिका भित्र ८ वटा साना जलविद्युत्त उत्पादन हुने गरेको छ । ती आयोजनाबाट २९३ किलोवाट विद्युत्त उत्पादन हुने गरेको छ । यस्ता योजना संचालन गर्न गतवर्ष र यो वर्ष गरी निम्नानुसार रु. १ करोड २७ लाख खर्च गरेको देखियो ।

| क्र. सं | विवरण | उत्पादन किवा | गतवर्षको लगानी रु. | यसवर्षको लगानी रु. | जम्मा |
|---|---|---|---|---|---|
| १. | कोटीला लघुजलविद्युत्त | ३० | २०००००.० | १००००००.० | १२०००००.० |
| २. | बड्डीगाड लघुविद्युत्त | १०० | ७०००००.० | ८०००००.० | १५०००००.० |
| ३. | कुरुखोला जलविद्युत्त योजना | ३८ | ५०००००.० | ० | ५०००००.० |
| ४. | खुम्लीगाड ज.वि.यो. | ३० | ३००००००.० | ५०००००.० | ३५०००००.० |
| ५. | बुडर खोला ल.ज.वि.यो | १५ | ५०००००.० | ० | ५०००००.० |
| ६. | नारिघाट ओलिसिक लघुजलविद्युत्त पहिलो | ३० | १२०००००.० | २०००००.० | १४०००००.० |
| ७. | नारिघाट ओलिसिक लघुजलविद्युत्त दाश्रो | २० | ५०००००.० | ४०००००.० | ९०००००.० |
| ८. | माझकुलो लघु जलविद्युत्त | ३० | २२०००००.० | १००००००.० | ३२०००००.० |
|  | **जम्मा** | **२९३** | **८८०००००** | **३९०००००** | **१२७०००००** |

उल्लेखित विद्युत्त आयोजनामा लगानी गर्दा त्यसबाट  प्रतिफल प्राप्त हुने नहुने सो समेत विचार गर्नु पर्नेमा सो नगरी जसरी पनि ती विद्युत्त आयोजना संचालन गर्नुपर्ने अवस्था र शेयर तथा ऋण लगानी

समेत नदेखाउदा त्यसबाट प्राप्त हुने प्रतिफल यस पालिकामा  आउन सक्ने व्यवस्था समेतलाई विचार गरी लगानी देखाउनुपर्ने रु.

१२७०००००.०

२४. **विद्युत्त लाइन विस्तार :** स्थानीय विद्युत्त लाइन विस्तार गर्दा राष्ट्रिय प्रशासरणलाई ख्याल गर्नुपर्दछ । यसका लागि पालिकाबाट वितरण प्रक्रिया सहज बनाई केन्द्रिय प्रसारणबाट प्राप्त हुने विद्युत्त भार वहन गर्न सक्ने गरी विस्तार गर्नुपर्नेमा सो अनुसार नगरी हालको उत्पादन अनुसार वितरण गर्न लाइन विस्तार गरेकोले  यसमा सिघ्र विचार गरी लाइन विस्तार कार्य गर्नुपर्ने देखिएको छ ।

| **क.सं** | **विवरण** | **भुक्तानी रु.** |
|---|---|---|
| १. | बड्डाल लौठा रुख मिडी गाउँ लाइन विस्तार | ५०००००.० |
| २. | कोटीला देखि कैलाशमाण्डौ लाइन विस्तार | ४०००००.० |
| ३. | गुईदेली देखि लाउने लाइन विस्तार | २०००००.० |
| ४. | चाउरेमाण्डौ विद्युत्त लाइन विस्तार | २०००००.० |
| | **जम्मा** | **१३०००००.०** |

२५. **लगानी :** सार्वजनिक निकायले निश्चित व्यक्तिहरुलाइ नाफा हुने गरी स्थापना भएका सस्थालाई अनुदान दिनु उचित हुने देखिदैन । देहायका नाफामुलक सहकारी सस्थामा   लगानी गर्दा लागत लाभको विश्लेषण नगरी अनुदान दिएकोछ । लगानी सम्बन्धमा स्थानीय मापदण्ड, नीति र कानुन बनाई निश्चित कार्यविधिको आधारमा लगानीको हिस्सा आर्थिक विवरणमा देखाई प्रतिफल प्राप्त हुनेगरी लगानी देखाउनु पर्ने देखिएको रु.

| **क.सं** | **भौ.न./मिति** | **विवरण** | **भुक्तानी रु.** |
|---|---|---|---|
| १. | १४८-०७५/१२/२५ | रातो गुराँस सहकारी संस्था भवन निर्माण | ४७५०००.० |
| २. | २७०-०७६/३/१६ | प्रगतिशिल महिला वचत तथा ऋण सहकारी संस्था लि. | २०००००.० |
| | | **जम्मा** | **६७५०००.०** |

६७५०००.००

२६. **ा भरपाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा देहायका आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिबाट डोजरको स्वामित्व भएको कम्पनीबाट मुअकर सहितको कर विजक जारी गरेको प्रमाण संलग्न गर्नुपर्नेमा सो नगरी १.५ प्रतिशत अग्रिम कर कट्टा गरेको देखियो । वहाल कर वापत कट्टा गर्नुपर्ने १० प्रतिशत करमा १.५ प्रतिशत कट्टा गरी असुल हुनुपर्ने देखिन्छ । साथै, आगामी भुक्तानी दिँदा नियमानुसार डोजरको स्वामित्व भएको कम्पनीबाट कर विजक लिने व्यवस्था हुनुपर्दछ ।

| **भौ.न./मिति** | **विवरण** | **रकम रु.** | **थप कर रु.** |
|---|---|---|---|

२१७९८८.००

| | | | |
|---|---|---|---|
| १२४-०७५/१२/४ | मेशिन स्टिमेट गरि उसबाट गराएको कार्य | ८८३०००.० | ७५०५५.० |
| २७०-०७६/३/१६ | भवानीमाण्डौ पार्क निर्माण उस | ४२६५६०.० | ३६२५८.० |
| २८२-०७६/३/२६ | कोल्टी पादुका सडक | १२५५०००.० | १०६,६७५.० |
| | **जम्मा** | **२५६४५६०.०** | **२१७९८८.००** |

२७. **प्रमाण पेश गर्नुपर्ने :** स्वीकृत वजेट खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। निम्नानुसारका भूक्तानीमा राख्नुपर्ने प्रमाण नदेखिएकोले देहायानुसार आवश्यक प्रमाण पेश गर्नुपर्ने रु. **४४८८५०२.०**

| क्र. सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. | पेश हुनपर्ने |
|---|---|---|---|---|
| १. | १६०-०७५/१२/२७ | अंकित निर्माण सेवाबाट मार्तडी कोल्टी सडक निर्माणको रु. ३३४३४०२। को मुअकर विल पेश भएकोमा उक्त फर्म ०७५ कार्त्तिक देखि नन फाइलर रहेको देखिएको। | ३३४३४०२.० | कर समायोजन पत्र अन्यथा मुअकर वापत रु.३८४ ४९२। असुली हुनुपर्ने। |
| २. | १६५-०७५/१२/२९ | लोकमणि कन्स्ट्रक्सन एण्ड सप्लायर्सको विलविजक डवल प्रिन्ट गरि १०१ र २ दुवै देखिएकोले सो एकिन हुनुपर्ने | ३७८२००.०० | एकिन भएको विजक नम्वरको कर समायोजन पत्र अन्यथा मुअकर रु.४३८९०। असुल हुनुपर्ने। |
| ३. | २१६-०७६/२/१ | दलित टोल बाटो निर्माण | ९५०००.०० | विल भरपाई पेश |
| ४. | २२२-०७६/२/२ | दैया सिंचाई कुलो निर्माण | ९५०००.०० | विल भरपाई पेश |
| ५. | २२३-०७६/२/२ | तरपरे वगर सिंचाई कुलो | ९५०००.०० | विल भरपाई पेश |
| ६. | २५३-०७६/३/६ | नखुलेको | ४८१९००.०० | श्रेस्ता |
| | | **जम्मा** | **४४८८५०२.०** | |

२८. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेका जाँच गरी दिनुपर्ने व्यवस्था छ। निम्नानुसारका योजनामा बढि भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु. **२४२८०१४.८६**

| क्र. सं | भौ.न./मिति | विवरण | परिमाण | दर/बढि रु. | जम्मा रकम |
|---|---|---|---|---|---|
| १. | ४८-०७५/९/२६ | श्री पञ्च आवि भवन निर्माणको आइटम नं. ७ मा पिसिसि : १:३:६ को ६ घनमिटरको रु. १६८७२। को दरले दिनुपर्नेमा रु. २१०२३। ले भुक्तानी भएको | ६ | ४१५१.० | २४९०६.० |
| २. | ५१-०७५/९/२६ | सिलाजु तटवन्धन योजनामा प्राविधिक विलबाट ग्याविन ( १.५X१X१) को १४ वटा र (२x१x१) को ५५ बटाको क्रमश; रु. २७६४। र रु. ३७६८। का दरले भुक्तानी भएकोमा पेश भएका विल विजकमा जिआई वायर १० गेजको १४०० केजि मात्र खरिद भएको विल पेश भएको देखियो। प्राविधक स्पेशिफिकेशन बमोजिम उक्त जिआई वायरबाट (२X१X१) को ४५ वटा ग्याविन वन्ने भएकोले बढी भुक्तानी भएको १४ वटाको रु. २७६४ र १० वटाको ३७६८। को दरले असुल हुनुपर्ने। | २४ | ३१८२.३ | ७६३७५.० |
| ३. | ६४-०७५/१०/२१ | सास्ता सिंचाई योजनाको आइटम नं ३ को गणना गर्दा मेजरमेन्ट सिटमा पिसिसि : १:३:६ को १.९३ घनमिटर हुनुपर्नेमा ५.४३ भई सोही बमोजम भुक्तानी भएको। | ३.५ | १५७०३.० | ५४९६०.५ |
| ४. | ७५-०७५/१०/२७ | जिडीखोला ऐरालो हुदै कार्कीवाडा सिंचाई कुलो निर्माणको आइटम नं. ३ को पिसिसि : १:३:६ को नापी किताव बमोजिम वास्तविक परिमाण ४.६४ हुनुपर्नेमा ५.६ घनमिटर भएकोले बढि परिमाणको रु. १९०६६। ले हुने रु. १८३०३। र ४.६४ घनमिटरको वास्तविक दररेट १५५६३। हुनुपर्नेमा रु. १९०६६। ले भुक्तानी भएको देखिएकोले बढि रु. ३५०३। का दरले ४.६४ घनमिटरको रु. १६२५३। असुल हुनुपर्ने | | | ३४५५६.० |
| ५. | ७५-०७५/१०/२८ | जिडीखोला ऐरालो हुदै कार्कीवाडा सिंचाई कुलो निर्माणको आइटम नं. ४ को १:६ सिमेन्ट स्याण्ड मोटार वालको १९.११ घनमिटरको दररेट रु. १३४९४। को दरले दिनुपर्नेमा रु.१४६९८। को दरले दिएकोले बढि भुक्तानी असुल हुनुपर्ने | १९.११ | १२०४.० | २३००८.४४ |
| ६. | ७६-०७५/१०/२७ | देवल सिंचाई कुलो निर्माणको सिमेन्ट वालुवा वाल (१:६) को दररेट रुं १३४२८। हुनुपर्नेमा रु. १७००२। भएको। | १०३ | ३५७४.० | ३६८१२२.० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | ९५-०७५/११/२३ | तल्लो कुलो सिंचाई योजनाको सिमेन्ट वालुवा वाल (१:६) को दररेट रुं १३४२८। हुनुपर्नेमा रु. १७५१२। भएको । | २०.४२ | ४०८४.० | ८३३९५.२८ |
| ८. | १०४-०७५/११/२३ | गोठेखोला तटवन्ध निर्माण योजनाको आइटम नं. २ र ३ मा २X१X१ को १७ थान ग्याविन भर्ने कार्यको लागि रु. ३७४६। का दरले दिएकोमा ढुङगा भर्ने कार्यको लागि ६८ घनमिटर रु. २४८४। का दरले दिएको देखिएकोले वढि ३४ घनमिटर ढुङ्गाको असुल हुनुपर्ने रु. | ३४ | २४८४.० | ८४४५६.० |
| ९. | ११९-०७५/११/२० | माङ्ग्री सिंचाई कुलो निर्माण योजनाको आइटम नं. ४ को सिमेन्ट वालुवा १:६ को वाल निर्माणमा दररेट रु. ११७३०। दिनुपर्नेमा रु. १३६४५। दिएको । | ४८ | १९१५.० | ९१९२०.०० |
| १०. | १२१-०७५/१२/४ | डाँडा जिउला सिंचाई योजनाको नापि किताव बमोजिम पिसिसि १:२:४ को २३.१० घनमिटर को प्रति घनमिटर ६.४ बोराको दरले १४७ बोरा र सिमेन्ट वालुवा १:४ वाल निर्माणको लागि ७६.५ घनमिटरको लागि प्रति घनमिटरको ३.१८ बोरको दरले २४४ बोरा सिमेन्ट दिएकोमा पेश भएको विल विजकमा ११५ वोरा मात्र खरिद गरेको देखिएकोले बढि भएको २७६ बोराको असुल हुनुपर्ने रु. | २७६ | ९६०.० | २६४९६०.० |
| ११. | १६५-०७५/१२/२९ | फडिल्ला खानेपानी योजनाको प्लाष्टर गर्ने कार्य नापी किताव बमोजिम आरभिटी र इन्टेक गरी ३५.३२ हुनुपर्नेमा ४१.८९ दिएकोले बढि ६.५७ इकाईको रु. ५०० का दरले रु. ३२८५। असुल हुनुपर्ने साथै, पिसिसि १:२:४ को वास्तविक नाप ०.९७ हुनुपर्नेमा १.२२ दिएकोले बढि ०.२५ को २००००। का दरले ५०००। असुल हुनुपर्ने । | | ८२८५.० | ८२८५.०० |
| १२. | १८२-०७६/१/२० | बढिनन्दा नगरपालिकाको वृत्तचित्र निर्माणमा भ्याट विजक नम्वर वेगर भ्याट भुक्तानी भएको रु. ७२८००। | | ७२८००.० | ७२८००.० |
| १३. | १८५-०७६/१/२० | कालेगाड खानेपानी योजनाको आरभिटी र वाटर सप्लाईको सिमेन्ट वालुवा १:४ को क्रमश; ३.७८ र १५.६ गरी जम्मा १९.३८ घनमिटर दिनुपर्नेमा २२.०५ घनमिटर दिएको | २.६७ | १४८१९.० | ३९५६६.७३ |
| १४. | १९० | खोया रिठ्ठा सिंचाई योजनाको नापी किताव बमोजिम पिसिसि १:२:४ को ४.३६ घनमिटरको २८ बोरा र सिमेन्ट वालुवा १:४ को १०.२६ घनमिटरको ४० बोरा सिमेन्ट गरि जम्मा ६८ बोरा दिएकोमा विलविजकमा १९ बोरा मात्र खरिद भएको देखिएकोले ४९ बोराको असुल हुनुपर्ने रु. | ४९ | १५००.० | ७३५००.०० |
| १५. | २३१-०७६/२/३१ | कालिसिल सिंचाई कुलो मर्मतको पिसिसि १:२:४ को ९.७२ घनमिटरको ६३ बोरा र सिमेन्ट वालुवा १:४ को १९.४४ घनमिटरको ७५ बोरा सिमेन्ट गरि जम्मा १३८ बोरा दिएकोमा विलविजकमा ४० बोरा मात्र खरिद भएको देखिएकोले ९८ बोराको असुल हुनुपर्ने रु. | ९८ | १५००.० | १४७०००.० |
| १६. | २३३-०७६/२/१३ | रिसी छहरा सिंचाइको पिसिसि १:२:४ को ५.६९ घनमिटरको ३६ बोरा र सिमेन्ट वालुवा १:४ को ३५.८४ घनमिटरको १३९ बोरा सिमेन्ट गरि जम्मा १७५ बोरा दिएकोमा विलविजकमा ६० बोरा मात्र खरिद भएको देखिएकोले ११५ बोराको असुल हुनुपर्ने रु. | ११५ | १५००.० | १७२५००.० |
| १७. | २४१-०७६/२/१५ | प्राकृतिक स्रोत रुपान्तरण केन्द्रको भुक्तानीमा यातायत खर्च बापत वास्तविक रु. ४७७४०। हुनुपर्नेमा रु. ६२०००। भुक्तानी गरेकोले बढि असुल हुनुपर्ने रु. | | | १४२६०.० |
| १८. | २७७-०७६/३/२३ | पिपलडाडी मटेला पार्तोला खापा को सिमेन्ट वालुवा १:४ वालको १६.१३ घनमिटर भुक्तानी हुँदा रु. १८१११। हुनुपर्नेमा रु. २०८२८। भएको | १६.१३ | २७१७.० | ४३८२५.२१ |
| १९. | २७९-०७६/३/२५ | स्याउले मेला खापाको पिसिसि १:३:६ को १.१७ घनमिटरको ६ बोरा र सिमेन्ट वालुवा १:४ वालको १७.८९ घनमिटरको ५६ बोरा सिमेन्ट गरि जम्मा ६२ बोरा दिएकोमा विलविजकमा ३८ बोरा मात्र खरिद भएको देखिएकोले २४ बोराको असुल हुनुपर्ने रु. | २४ | १७९०.० | ४२९६०.० |
| २०. | २८२-०७६/३/२६ | कोल्टी पादुका सडकको सिमेन्ट वालुवा १:४ को दर विश्लेषण गर्दा १५७४२। ले गर्नुपर्नेमा रु. १८९७७। ले गरेको | १३६.२ | ३२३५.० | ४४०६०७.० |
| २१. | २८५-०७६/३/३१ | वड्डीगाड लघुजलविद्युत्तको आइटम नं. ५ मा पिसिसि १:३:६ को रु. १५५५७। को दरले भुक्तानी हुनुपर्नेमा रु. १६९७९। ले भएको | १२.६ | १४१२.० | १७७९१.२ |
| २२. | २८५-०७६/३/३१ | वड्डीगाड लघुजलविद्युत्तको आइटम नं. ७ मा सिमेन्ट वालुवा १:६ वालको रु. १२१४१ का दरले भुक्तानी हुनुपर्नेमा रु. १५९९०। ले भएको | ६४.५ | ३८४९.० | २४८२६०.५ |
| | | जम्मा | | | २४२८०१४.८६ |

पुनश्च : परीक्षण गरेको भौचर र पेश भएका प्रमाणका आधारमा हेर्दा प्राविधिकहरुबाट प्रभावकारी रुपमा फिल्ड निरीक्षण नगरी नापी किताव भर्ने कार्य गरेको हो की भन्ने संकेत देखियो । कार्यालयले प्रभावकारी अनुमगन गरी कैफियत देखिएमा सम्वन्धितलाई जिम्मेवार वनाउनुपर्ने देखिन्छ ।

२९. **लागत अनुमान बेगर खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र ५ (क) मा सार्वजनिक निकायले लागत अनुमान तयार गरी स्विकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका खरिद कार्यमा लागत अनुमान बनाई स्विकृत गरेको देखिएन । लागत अनुमान वेगर खरिद गर्दा खरिद प्रक्रिया छनौट, स्पेशिफिकेशन, गुणस्तर, खर्च मितव्ययीता हुने अवस्था नरहने हुदा यसमा गम्भिर ध्यान दिनुपर्ने देखिन्छ । नियम विपरित भएको कार्यको औचित्य पुष्टि गर्नुपर्ने देखिएका रु. ८३६३००.०

| भौ.न./मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १७२-०७६/१/२० | नगरकार्यपालिका टहरा निर्माण | ३५९९००.०० | |
| १७३-०७६/१/१० | नगरकार्यपालिका टहरा निर्माण | ४७६४००.०० | |
| | **जम्मा** | **८३६३००.०** | |

३०. **भ्याट भुक्तानी :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग करवीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । देहायका फर्मबाट देहाय बमोजिमको काम सम्पन्न गर्दा गतल मुअकर विजक जारी भई भुक्तानी भएको देखिएकोले मुअकर वापतको १३ प्रतिशतमा अग्रिम कर १.५ प्रतिशत कट्टा गरी वाँकी ११.५ प्रतिशतले हुने रकम असुल गर्नुपर्ने रु. १२९४१८६.९९

| **भौ.न./मिति** | **विवरण** | **रकम रु.** |
|---|---|---|
| ११४-०७५/११/२७ | वेलडाँडा कापकोट कुरु सडक निर्माण योजनाको विल भुक्तानी गर्दा गाल्वा निर्माण सेवा प्रा. लि. को भ्याट नं. ३०००७३८९७ को विजक नं. ८ बाट रु. २३२४५६०। को भुक्तानीमा मुअकर ३०२१९२। दिएकोमा उक्त निर्माण सेवाको भ्याट नं. आन्तरिक राजश्व कार्यालयमा दर्ता नरहेको देखिएकोले असुल हुनुपर्ने देखिएको रु. | २६७३२३.६९ |
| २-०७६/३/६ | छाप्यापा शौचालय निर्माण गर्दा निश्चल निर्माण सेवाको पान नं ६१०५२६८०४ को विजक नंम्वर हातले लेखेको १ बाट रु. ४२६५२९। को मुअकर रु. ५५४४९। भएकोमा पान नं नै गतल देखिएकोले असुल हुनपर्ने | ४९०५१.०४ |
| १४-०७६/८/२५ | कोल्टी मार्तडी सडकको पहिलो रनिङ विल भुक्तानी गर्दा गाल्वा निर्माण सेवाको मुअकर नम्वर आन्तरिक राजश्वको अभिलेखमा नरहेको देखिएकोले रु. १७२५६६४। को मुअकर वापत भुक्तानी भएको रु. २२४३३७। असुल हुनुपर्ने । | १९८४५१.९६ |
| १३०-०७५/१२/४ | गाल्वा निर्माण सेवालाई गलत विल विजकबाट रु. १९४४००। को २४१४२। भ्याट भुक्तानी भएको । | २१३५६.३८ |
| १२४-०७५/१२/४ | गाँल्वा निर्माण सेवालाई विजक नं. ११ बाट रु. २७५०००। भुक्तानी भएकोमा रु. ३५७५०। मुअकर भुक्तानी भएको । | ३१६२५.०० |
| १७६-०७६/१/२० | विर्सेनी सिराडी सडक निर्माणमा पेश भएको गाँल्वा निर्माण सेवाको गलत भ्याट विजकबाट रु. ५२०६५०। भ्याट भुक्तानी भएको । | ४६०५७५.०० |
| २६१-०७६/३/१० | गाल्वा निर्माण सेवालाई गलत विल विजकबाट रु. ६५९०००। को ८५६७०। भ्याट भुक्तानी भएको । | ७५७८५.०० |
| २६७-०७६/३/१५ | चन्द्रनाथ निर्माण सेवा एण्ड अडर सप्लायर्सको पान नं. ६००७७४६५५ मुअकरमा दर्ता नभई भ्याट विल जारी गरेको असुल हुनुपर्ने | ४९४५०.०० |
| २७०-०७६/३/१६ | विएसएस इन्टरनेशनल कं. प्रा.लि. को मुअकरमा दर्ता नभई मुअकर भुक्तानी दिएको । | ७३२९३.९२ |
| २८२-०७६/३/२६ | विएसएस इन्टरनेशनल कं. प्रा.लि. को मुअकरमा दर्ता नभई मुअकर भुक्तानी दिएको । | ६७२७५.०० |
| | जम्मा | १२९४१८६.९९ |

३१. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न व्यक्ति र फर्महरुलाई भुक्तानी गर्दा कर कट्टा नगरेको तथा केहिमा

आंशिक मात्र गरेको देखियो । नियमानुसार रु **१६५१६३.९०** कर कट्टा गरी दाखिला हुनुपर्ने रु. **१६५१६३.९०**

| क्र. सं | भौ.न. ⁄मिति | विवरण | रकम | कर रकम |
|---|---|---|---|---|
| १. | २४१-०७६/२/१५ | पारिश्रमिक कर १ प्रतिशत मात्र कट्टा भएको | १६००००.०० | २२४००.०० |
| २. | २४१-०७६/२/१५ | कार्यपत्र तयारीको १ प्रतिशतमात्र कर कट्टा भएको | १६०००.०० | २२४०.०० |
| ३. | १२३/२०७६/३/२२ | स्वस्थ्य तर्फ रात्री सेवा गरे वापत १२ जनालाई नगदै खाजा खर्च भुक्तानी गरेका | १६४१००.०० | २४६१५.०० |
| ४. | १२३/२०७६/३/२२ | अनमी देविका कुमारी जैसीलाई प्रसुती गराए वापत पारिश्रमिक | ५०००.०० | ७५०.०० |
| ५. | १२३/०७६/३/२२ | बैशाख महिनालाई खोप महिना संचालन वापत स्वास्थ्यकर्मीलाई भत्ता | ३०००० | ४५००.०० |
| ६. | १२९/२०७६/३/२६ | आयूर्वेदतर्फ अतिरिक्त समय भत्ता | ११८९२६.०० | १७८३८.९० |
| ७. | १२९/२०७६/३/२६ | आयूर्वेदतर्फ विभिन्न ११ बैठक भत्ता | १२७८००.०० | १९१७०.०० |
| ८. | १३१/२०७६/३/२७ | विभिन्न स्वास्थ्य चौकीमा RRT गठन भत्ता | १५०००.०० | २२५०.०० |
| ९. | ९२-०७६/३/६ | माटो शिविरमा प्राविधिक सहयोग भत्ता | ७०००.०० | १०५०.०० |
| १०. | १९३/२०७६/३/१३ | ३३ जनालाई नगरसभामा सहयोगगरे वापत रु १०००।०० दरले र भत्ता वितरण | ३३०००.०० | ४९५०.०० |
| ११. | १८८-०७६/३/९ | सम्पतिकर सम्वन्धि तालिममा सहभागिलाई नगदै रु १०००।०० दरले खाजा खर्च | २७०००.०० | ४०५०.०० |
| १२. | १६७-०७६/२/७ | सम्पतिकर सम्वन्धि तालिमको प्रतिवेदन तयारी र कार्यपत्र वापत योगराज थपलियासमेतलाई भुक्तानी गर्दा कर नकाटेको | २५०००.०० | ३७५०.०० |
| १३. | २०५-०७६/३/२० | महिला स्वमसेवकलाई प्रोत्साहन भत्ता | ३८४००० | ५७६००.०० |
| १४. | | **जम्मा** | १११२८२६.०० | **१६५१६३.९०** |

३२. **धरौटी कट्टा :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ६३ मा धरौटी राख्नुपर्ने सम्वन्धि व्यवस्था बारे उल्लेख छ । पालिकाले सम्झौता बमोजिम बोलपत्र कागजातमा उल्लेख भए बमोजिम निर्माण कार्यको भुक्तानी गर्दा भुक्तानी गर्दा ५ प्रतिशत धरौटी कट्टा गर्नुपर्ने व्यवस्था छ । देहायको निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गरेको देखिएन । बोलपत्र कागजातमा उल्लेख भए बमोजिम धरौटी कट्टा गर्नुपर्ने देखिएको रु. **४५१३२५.००**

| भौ.न. ⁄मिति | विवरण | रकम रु. | धरौटी कट्टा हुनुपर्ने रु. |
|---|---|---|---|
| १६५-०७५/१२/२९ | फडिल्ला खानेपानी योजना | ३७८२००.० | १८९१०.० |
| २५१-०७६/३/६ | आर्शिवाद निर्माण सेवा | ४७७२००.० | २११५०.० |
| २७०-०७६/३/१६ | वेलडाँडा काप्कोट वछौन कुरु सडक | ६५२७४९९.० | ३२६३७५.० |
| २-०७६/३/३१ | कुरु सीमचोर झोपु | १६९७८००.०० | ८४८९०.०० |
| २/०७६/३/२० | कोल्टी बृहत खानेपानी | ४४०९७००.०० | १९५१२१.०० |
| | **जम्मा** | | **४५१३२५.००** |

३३. **भौ.न. १०९-०७५।११।२७ :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।वालुवादेखि साङ्ग्री सम्म तटवन्ध निर्माणकार्य गराउदा ग्याविन भर्ने कार्यको लागि रु. ५०१४। का दरले दिएको देखियो । श्रेस्तामा पेश भएको फोटो हेर्दा ग्याविन भर्ने ढुङ्गा खोलाको संकलन गरी भरेको प्रष्ट बुझ्न सकिने देखियो । नापी किताव बमोजिम दररेट विश्लेषणमा १.५ किमी लिडको रु. ३०००। थप गरी १७२ घनमिटर ढुङ्गाको रकम भुक्तानी भएको देखियो । यसबाट प्राविधक विल नै गतल उठान भएको वा साइट अनुगमन नगरि भुक्तानी भएको हो सो एकिन भएन । पेश भएको तस्विरको आधारमा १.५ किलोमिटर बढि लिड दिएको देखिएकोले प्राविधिक सहित अनुगमन गरि नियमित गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने र सम्वन्धितलाई जिम्मेवार बनाई आगामी दिनमा सुधार गर्नुपर्ने देखिन्छ । **५१६०००.००**

३४. **मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशकट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष विभिन्न ३१२ वटा निर्माण कार्यका लागि गठित भएका उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश गरी मूल्य अभिवृद्धि कर वापत भूक्तानी गरेको देखिएकोमा सो को विवरण पेश गर्न अनुरोध गरेकोमा सो पेश भएन । कानूनमा भएको व्यवस्थाको पूर्ण

पालना गर्नुपर्ने देखियो ।

३५. **उपभोक्ता समिति :** सिंचाई र खानेपानी योजनामा नियमानुसार दर्ता भएका उपभोक्ता समिति रहने गरेको छ । ती उपभोक्ता समितिलाई ती आयोजना हस्तान्तरण हुने गरेको छ । यसरी हस्तान्तरण गर्दा मर्मत संभार गर्न कर्तव्य समेत रहेको हुन्छ । तर त्यस्ता उपभोक्ता समितिको लागि ३७ सिंचाई योजनाको लागि रु. ११५५००००। र १० खानेपानीको लागि रु. २०६०००००। समेत रु. ३ करोड २१ लाख ५० हजार खर्च गरेको देखियो । यस प्रकारका समितिलाई दिएको रकमको सार्वजनिक सुनुवाई, परीक्षण समेत हुनुपर्नेमा सो भए गरेको प्रमाण पेश नभएकोले त्यसतर्फ विशेष ध्यान दिनुपर्दछ ।

## वित्तीय समानीकरण चालूतर्फ

३६. **नीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुने किसिमको भत्ता नपाउने व्यवस्था छ । नियमा भएको व्यवस्था विपरित कार्यालयबाट देहायका कर्मचारीले निम्नानुसारको दिनको दैनिक भ्रमण भत्ता भुक्तानी हुँदा स्थानीय भत्ता कट्टा नगरेको देखिएकोले असुल हुनुपर्ने रु.

| क.सं | कर्मचारीको नाम | दिन | रकम रु. |
|---|---|---|---|
| १. | शाअ रामदत्त न्यौपाने | ७२ | १०७९४ |
| २. | ख. प्रकाश बहादुर शाही | ५२ | १३३३० |
| ३. | प्र.प.अ. लक्ष्मी प्रसाद उपाध्याय | ४९ | २६५०९ |
| ४. | सह लेखापाल अमसिस बडुवाल | ३५ | ८९७२ |
| ५. | ना.सु. कुल ब थापा | २१ | ६४३३ |
| | **जम्मा** | | **६६०३८.०** |

**६६०३८.०**

३७. **धिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेशले कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरेबमोजिम यो पालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक रु. ७६००२००। खर्च लेखेको देखियो ।

३८. **प्रधानमन्त्री रोजगार कार्यक्रम:** यस कार्यक्रम अन्तर्गत वार्षिक बजेट रु. ५२५५०००। विनियोजन भएकोमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

क) यस कार्यक्रममा रु.४८४३७६७ खर्च लेखेकोमा पालिका अन्तर्गत ६३२० बेरोजगार रहेको जनाएकोमा २१२ जनालाई २२ दिनको रु ७००। का दरले रु ३२,६४,०००। भुक्तानी गरेकोले कार्यक्रमबाट कुल वेरोजगार मध्ये ३.३५प्रतिशतले मात्र लाभ पाएको देखियो ।

ख) खर्च भएको मध्ये निर्माण सामाग्री खरिद रु ८५३५४३। र हाते औजार खरिद रु १३४३८२। र अन्य खरिद गरेकोमा आर्थिक वर्षको अन्तमा ३२ दिन मात्र काम लगाई खरिद गरिएका सामाग्री मौज्दात जनाई आगामी वर्ष समेत प्रयोग गर्ने व्यवस्था गर्नुपर्नेमा सवै सामाग्री खर्च लेखेकोले पुन सोही प्रकृतिका खरिद गरिएका सामान आगामी वर्ष प्रयोग हुन सक्ने भएकोले खरिद भएका समाग्रीको जिन्सी दाखिला गरि आगामी वर्ष समेत प्रयोग गर्न अभिलेख राख्नु पर्ने रु. १३४३८२.००

३९. **अनुगमन खर्च:** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(३) मा सार्वजनिक यातायात चल्ने स्थानमा एकैदिन गई फर्कन सक्ने अवस्थामा दैनिक भत्ताको २५ प्रतिशत खाजाखर्च र यातायात खर्च पाउने व्यवस्था छ । नियम (८) मा सदरमुकाम क्षेत्र वा रात विताउनु पर्ने गरी खटिएको स्थानदेखि पन्ध्र किलोमिटर भित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएका पदाधिकारी एवं कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता खर्च नपाउने व्यवस्था छ । यस पालिका अन्तर्गतका मुकाम बाजुरा सम्म भ्रमण गर्दा तथा पालिकाका वडा सम्मको अनुगमन लगायत अन्य कार्यक्रमको १ दिनको कार्यलाई समेत २ देखि ६ दिन सम्मको देखाई अनुगमन मूल्यांकन खर्च र भ्रमण खर्च समेत जम्मा रु ४९,८६,५७५।०० खर्च लेखेको छ । यसरी नियममा व्यवस्था विपरित भ्रमण तथा अनुगमन मूल्यांकन खर्च भुक्तानी गर्ने गरेको पाईएकोले आदेश दिनेलाई समेत जिम्मेवार बनाई खर्च नियन्त्रण गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| ४०. | **सेवा करार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) माकार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा रु. ५ लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा सूचना प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । पालिकाले ५८ कर्मचारी नियुक्ती गरी सेवा परामर्शमा रु २०३९९८१।, करार सेवा शुल्क रु. १०३८०००। र अन्य समानीकरण तलवबाट रु. ९४०४८१९। समेत रु. १२४८२९८१। खर्च गरेको देखियो । तलवबाट खर्च गर्ने नगरसभाबाट स्वीकृती लिएको छैन । यसमा सुधार हुनुपर्दछ । | |
| ४१. | **प्रमाण :** संझौता अनुसार कार्यसम्पादन गर्दा सो साथ प्रमाण पेश गर्नुपर्दछ । प्रभाकुमारी शाही (साह) समेतको मुद्धामा ४ जना प्रत्यर्थीको तर्फबाट वहस, जवाफ र तारेख समेत लिनका लागि मिति २०७५।९।३० मा अधिवक्ता जगदिश आचार्यसँग भएको संझौतामा वरिष्ठ अधिवक्ताको वहस फि रु. ३००००। प्रति पटक अधिवक्ताको रु. २००००। र तारेखको प्रति तारेख रु. २०००। लिखित जवाफ प्रति प्रत्यार्थी रु. १००००। दिनेशर्त रहेकोमा २०७५।१०।१५ मा छलफल गर्न सर्वोच्च अदालतमा वोलाएकोमा छलफलमा वहस गरेको ३ जना वरिष्ठ अधिवक्ता र २ जना अधिवक्ताको समेट ५ जनाको , त्यसैगरी मिति स्पस्ट नभएको मा वहस गरेको रु. २६००००। यसैगरी ४ जना प्रत्यार्थीको जवाफ प्रति जवाफ रु. ४००००। र १० वटा तारेखको प्रति तारेख रु. २०००। का दरले रु. २००००। समेत रु. ३३००००। भुक्तानी गरेकोमा वहस पैरवी गरेको १० वटा तारिख लिएको लिखित जवाफ दिएको र वरिष्ठ अधिवक्ताले रकम वुझेको प्रमाण र भरपाई पेश गर्नुपर्ने रु. | ३३००००.०० |
| ४२. | **भरपाई : १०३।२०७६।३।१०** स्वीकृत वजेट खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गतका स्थानीय तह स्तरीय एकीकृत वाल विकास योजना कार्यशालाको बैठक भत्ता तपसिलका २० जनालाई वितरण गरेको २ दिनको रु १०००।०० का दरले भत्ता रु ४०,०००।०० वितरण भरपाई पेश गरेकोमा उक्त भरपाईमा उपस्थिति लागायतका अन्य भरपाईबाट भिडान नहुने दस्तखत सहितको भरपाई संलग्न रहेकोले सम्वन्धितले वुझेको यकिन हुनुपर्ने अन्यथा सम्वन्धितलाई जिम्मेवार वनाईभत्ता रकम (कर बाहेक)३४०००। असूल हुनुपर्ने रु | ३४०००.० |

| भत्ता भुक्तानी पाउनेको नाम | भत्ता रकम (कर बाहेक) | कैफियत |
|---|---|---|
| श्री सृष्टि रेग्मी | १७००.०० | उपस्थिती अनुसार भरपाईको दस्तखत भिडान नहुने |
| रामदत्त न्यौपाने | १७००.०० | " " |
| भिम बहादुर कार्की | १७००.०० | " |
| राम शहादुर बोहरा | १७००.०० | " |
| राजन कुमार रोकाया | १७००.०० | " |
| खडक बोहरा | १७००.०० | " |
| सतबिर बोहरा | १७००.०० | " |
| अशाक दानी | १७००.०० | " |
| प्रेमराज रेग्मी | १७००.०० | " |
| टेक बहादुर बोहरा | १७००.०० | " |
| बिसे रोकाया | १७००.०० | " |
| कृष्णाराज पाध्या | १७००.०० | " |
| रामकृष्ण पाण्डे | १७००.०० | " |
| दल बहादुर भाट | १७००.०० | " |
| विश्वेश्वर प्रसाद पाण्डे | १७००.०० | " |
| दिपा खर्कवाल | १७००.०० | " |
| बलराज विष्ट | १७००.०० | " |
| रेखा रेग्मी | १७००.०० | " |
| बहादुर बोहरा | १७००.०० | " |
| नरेन्द्र रावत | १७००.०० | " |

| | | |
|---|---|---|
| जम्मा | ३४०००.० | |

४३. **प्रमाण पेश गर्नुपर्ने :** स्वीकृत वजेट खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसारका भूक्तानीमा राख्नुपर्ने प्रमाण नदेखिएकोले देहायानुसारको आवश्यक प्रमाण पेश गर्नुपर्ने रु. ५३९८८१३.०

| क्र.सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. | पेश हुनपर्ने |
|---|---|---|---|---|
| १. | १२३-०७६/०३/२२ | स्वास्थ्य केन्द्र कोल्टीमा रात्री सेवामा ओभरटाइम गरेवापत अहेव अनमी र कास लाई खाजा खर्च | १६४१००.०० | प्रमाणित इलेक्ट्रोनिक हाजिरी र काम गरेको देखिने प्रमाण |
| २. | १२३-०७६/०३/२२ | स्वास्थ्य केन्द्र कोल्टीमा रात्री सेवामा ओभरटाइम गरेवापत स्वास्थ्यकर्मी लाई भत्ता | १९३२७३.०० | प्रमाणित इलेक्ट्रोनिक हाजिरी र काम गरेको देखिने प्रमाण |
| ३. | १२३-०७६/०३/२२ | आयूर्वेद तर्फ ओभरटाइम गरेवापत स्वास्थ्यकर्मी लाई भत्ता | १२७८००.०० | प्रमाणित इलेक्ट्रोनिक हाजिरी र काम गरेको देखिने प्रमाण |
| ४. | १२३-०७६/०३/२२ | आयूर्वेद तर्फ विभिन्न समयमा बसेको बैठक भत्ता १२७८००। मध्ये | २४०००.०० | ११ बैठक बसेकोमा ९ वटा मात्र माइन्यूट पेश |
| ५. | १३७-०७६/३/२६ | स्वास्थ्य इकाई केन्द्रमा औषधी तथा फर्निचर खरिदको रु ३२९१०००।०० खर्च लेख्दा स्वास्थ्य केन्द्र कोल्टीलाई हस्तान्तरण गरेको | ३२९१०००.० | सम्वन्धित ७ स्वास्थ्य इकाई लाई हस्तान्तरण गरेको प्रमाण |
| ६. | १३७-०७६/३/२६ | स्वास्थ्य इकाई केन्द्रमा औषधी तथा फर्निचर खरिदको रु ३२९१०००।०० खर्च लेख्दा विल नपगेको | ३३६१०.०० | नपुग विल भरपाई भएकोले असुल गर्ने |
| ७. | १६९-२०७६/२/१३ | विभिन्न वडाहरुमा खानेपानी सर्भे तथा डिजाइन कार्य | १४९३३००.० | सर्भे तथा डिजाईन पेश नभएको |
| ८. | १७३-०७६/२/१६ | प्रदेश स्तरीय यूवा सम्मेलनको लागि व्यक्तिकोनाममा चेक काटी भुक्तानी | ६७२३०.०० | विल भरपाई पेश नभएको |
| ९. | ४९-०७५/९/१३ | बैठकमा उपस्थित नभएका महेश्वरी खड्का, श्याम खनाल र त्रिलोचन खनाललाई भत्ता भुक्तानी | ४५००.०० | दाखिला गर्नुपर्ने |
| | | जम्मा | ५३९८८१३.० | |

४४. **प्रशिक्षक भत्ताः-** नेपाल सरकार अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिकाको प्रकरण ७.१.१५ मा सवै प्रकारका तालिम, गोष्ठि, सेमिनार केन्दीयस्तर/क्षेत्रीयस्तर, जिल्लास्तर, स्थानीयस्तरमा सञ्चालनको लागि नर्म्सको व्यवस्था गरेको छ । सो भन्दा बढी भुक्तानी गर्नुपरेमा अर्थ मन्त्रालय वाट पुर्व स्विकृती लिईमात्र खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले आ.व. २०७५/७६ मा सञ्चालन गरेकोसम्पत्ती कर सम्वन्धि तालिम कार्यकम सञ्चालनका लागि रु ३२५०००।०० खर्च गर्न देहायका प्रशिक्षकहरुलाई नर्म्स भन्दा बढी रु १००००।०० दरले प्रशिक्षण भत्ता दिएको देखियो । नर्म्सभन्दा बढी भुक्तानी गर्न नमिल्ने भएकोले सम्वन्धित पदाधिकारीहरुबाट सोरकम रु. १६४०००.०० असुल गर्नुपर्ने रु. १६४०००.०

| सि.नं. | प्रशिक्षकहरुको नाम | भुक्तानी भएको रकम | भुक्तानी गर्नुपर्ने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | श्रोत व्यक्ति हांसा कुमारी मल्ल | १०००००.०० | १८०००.०० | ८२०००.०० |
| २ | श्रोत व्यक्ति योगराज थपलिया | १०००००.०० | १८०००.०० | ८२०००.०० |
| | **जम्मा** | **२०००००.००** | **३६०००.००** | १६४०००.० |

४५. **नपाउने भत्ता :-**१२१-२०७६/३/२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । स्वस्थ्य सम्वन्धि कार्यक्रम सञ्चालन निर्देशिकामा गाँउघर क्लिनिक कार्यक्रम सञ्चालन गर्दा फिल्ड भत्ता पाउने कर्मचारीले यातायात खर्च नपाउने उल्लेख छ । तर ज.स्वा.नि जसे लोहारले गाँउघर क्लिनिक सञ्चालन गरे बापत देहायका अ.हे.व र अनमी कर्मचारीहरुलाई रु १५७१४।०० का दरले जम्मारु १०९९९८।०० फिल्ड भत्ताभुक्तानी दिएतापनि  यातायात खर्च भुक्तानी दिएकोरु ५७९९५.००असूल हुनुपर्ने रु.

| सि.नं. | पद | कर्मचारीको नाम थर | रकम |
|---|---|---|---|
| १. | अ.हे.व | गंगा बहादुर शाही | ८२८५.० |
| २. | अनमि | जनकला गिरी | ८२८५.० |
| ३. | अ.हे.व | विर बहादुर बोहरा | ८२८५.० |
| ४. | अनमि | नरपता बोहरा | ८२८५.० |
| ५. | अहेव | नर बहादुर सजुवाल | ८२८५.० |
| ६. | अनमि | शान्ता रेग्मी | ८२८५.० |
| ७. | अनमि | माया तिमल्सेना | ८२८५.० |
| | | जम्मा | ५७९९५.० |

५७९९५.०

४६. **नियूक्ति वेगर खर्च :** आधारभूत स्वास्थ्य केन्द्र स्थापनाका लागि ७ जना कार्यालय सहयोगी नियूक्ति समेतको खर्च लेख्दा २ जनालाई सम्झौता वेगर भरपाई समेत खाली राखि ६४००।०० का दरले खर्च लेखेको रु ६८००।०० असूल हुनुपर्ने रु

६८००.००

४७. भुक्तानी दिन बाकी: १३०।२०७६।३।२६ यस नगरपालिकाका स्वास्थ्यकर्मीलाई २०७४ मंसिर देखि २०७५ आषाढ महिनाको अतिरिक्त समय भत्ता भुक्तानी गर्दा साविक स्वास्थ्य कार्यालय अन्तर्गत रहेको अविधिमा सोही कार्यालयबाट भुक्तानी हुनुपर्नेमा गत आ.व.को भुक्तानी दिन बाकी रु ९,७४,०००।०० खर्च लेखेकोमा भुक्तानी दिन बाँकीको विवरण संलगन नगरी गत आ.व.को खर्च लेखेको नियमित नदेखिएको रु

९७४०००.०

४८. **अतिरिक्त भत्ता:**१२३।२०७६।३।२२ २०७५ चैत्र देखि २०७६ आषाढ सम्मको प्राथमिक स्वास्थ्य केन्द्र कोल्टीमा कार्यरत  स्वास्थ्यकर्मीलाई अतिरिक्त भत्ता तलवको ५० प्रतिशतका दरले खर्च लेख्नु पर्नेमा पुरै तलव वरावर खर्च लेखेकोले बढी खर्च लेखेको  असूल हुनुपर्ने रु

९६६३७.००

| सि.नं | भुक्तानी पाउने | तलव रकम | दिन | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | डा. गणेश चौधरी | ३४२२० | १२० | १३६८८० | ६८४४० |
| २ | सन्तोष पण्डित हेअ | २३५०० | ५६ | ४९७१३ | २४८५७ |
| ३ | ध्रुव कडारा | १०००० | २०.५ | ६६८० | ३३४० |
| | **जम्मा** | | | **१९३२७३.००** | **९६६३७.००** |

४९. हेल्थ असिस्टेन्ट पद पाचौ तहमा २०७४।१०।२४ नियूक्त सन्तोष कुमार पण्डित २०७५ फाल्गन महिना देखि १ ग्रेड  ७८३ का दरले रु  ३९१५।००  पाउनु पर्नेमा रु ३२१०३।०० भुक्तानी दिएकोले बढी ग्रेड भुक्तानी गर्ने कारण पेश गर्ने अन्यथा रु २८१८८।०० असुल हुनु पर्ने देखिएको रु.

२८१८८.००

५०. **बहुक्षेत्रीय पोषण कार्यकम:**
१००० दिनका आमालाई पोषण सम्वन्धि कार्यकम सञ्चालनका लागि रु पोषण योजना कार्यकमबाट रु १३८९०००।०० र गाउपालिका बाट रु ३०००००।०० समेत जम्मा रु १६८९०००।०० खर्च गरि करेसावारी व्यवस्थापन तथा उन्नत तरकारी किट वितरण, पशु जन्य प्रोटीनको उपलब्धता, कुखुरा चल्ला खरिद तथा वितरण र पोषण समवन्धि व्यवस्थापन तथा परिचालन सम्वन्धि कार्यकम गरेको जनाएकोमा पालिका अन्तर्गत सवै वडाका १००० दिनका आमा पहिचान गरि अभिलेख अध्यावधिक गरि तिनलाई लक्षित गरि कार्यकम कार्यान्वयन गर्नु पर्नेमा लेखापरीक्षण सो अभिलेख पेश नभएकोले १००० दिनका आमाहरुको तथ्यांकमा समावेश भएकालाई लक्षित गरि कार्यकम गरी लक्षित वर्गले नै सो सेवा पाएको सम्वन्धमा यकिन हुन नसकिएकोले कार्यकमले लक्षित उपलव्धी हासिल हुने सम्वन्धमा प्रतिवेदन पेश हुनुपर्दछ ।

५१. **बढी भुक्तानी :** ३।२०७६।३।३१ ल्याण्डफिल साइड एक्सेस रोड निर्माण वापत चन्दन नाथ निर्माण सेवालाई नापी किताबको मुल्याकंन अनुसार मूल्य अभिवृद्धि कर सहित रु १३११७९४६।०० मात्र भुक्तानी गर्नुपर्नेमा रु १३६९८३००।०० भुक्तानी गरेकोले विल तथा नापी मूल्याकंन भन्दा बढी रु ५८०३५६।०० बढी भुक्तानी असूल हुनु पर्ने रु.

५८०३५६.००

५२. **मूल्यअभिवृद्धि कर**: आ.व. २०७६।७७ को विनियोजन ऐन अनसार २०७६ जेष्ठ १५ गते पश्चातको

<table>
<tr><td></td><td>निर्माण कार्य र बस्तु वा सेवाको आपूर्तीवापतको मूल्यअभिवृद्धि कर भुक्तानी गर्दा भुक्तानीको ५० प्रतिशत आ.रा.का जम्मा गर्नुपर्नेमा ल्याण्डफिल साइड एक्सेस रोड निर्माण वापत चन्दन नाथ निर्माण सेवालाई नापी कितावको मुल्याकंन अनुसार मूल्य अभिवृद्धि कर सहितरु १३६९८३००।०० र कोल्टी बृहत खानेपानी निर्माणको रु ४४०९७३८।०० समेत जम्मा रु १८१०८०३८।०० भुक्तानी गर्दा रु १०४१६१२।८० जम्मा नगरेकोले कर समायोजन विवरण पेश हुनुपर्ने रु</td><td>१०४१६१२.८०</td></tr>
<tr><td>५३.</td><td>कर विजक : मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्विकृत भए देखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्दछ । त्यसरी कर विजक जारी गर्दा विजक नं. नभएको, विल कम्प्यूटर प्रिन्टेड हुन नहुने, केरमेट नभएको हुनुपर्ने उल्लेख छ । पोरखे कोल्टी पादुका सडक निर्माण कार्यको सि आई कन्ट्रक्नलाई मूल्य अभिवृद्धि कर रु ६४९०५१।४९ समेत रु ५६४१७५५।२४को भुक्तानीमा पेश भएको कर विजक ननफाइलरको रुपमा रहेकाले भुक्तानी भएको मु.अ.करको समायोजनको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>६४९०५१.४९<br>६४९०५१.४९</td></tr>
<tr><td>५४.</td><td>छात्रवृत्ति वितरण – विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा अनुमति तथा स्वीकृति प्राप्त सबै सामुदायिक विद्यालयका कक्षा १० सम्मका विद्यार्थीलाई छात्रवृत्तिको लागि निकासा दिने र निर्धारित समयभित्र छात्रवृत्ति वितरणको सुनिश्चित गर्न विभिन्न संयन्त्रबाट अनुगमन गर्ने व्यवस्था छ । यो वर्ष ३० विद्यालयले छात्रवृत्ति वितरणको भरपाई बेगर रु. १३,३२,४००।०० वितरण गरेकोमा अनुगमन प्रतिवेदन संलग्न छैन । छात्रवृत्ति वितरण भएको सुनिश्चित हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>पाठ्यपुस्तक अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम स्थानीय तहले सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याँक संकलन गरी यकिन संख्याको आधारमा विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकको अनुदान विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशतलाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गतका विद्यालयलाई रु. २३२५०००।०० निकासा गरेकोमा पालिकाले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको सुनिश्चितता गरेको अनुगमन प्रतिवेदन पेश नभएको र फोकल पर्सनले पाठ्यपुस्तक वितरणको लगत समेत राखेको देखिएन । पाठ्यपुस्तकको अनुदान निकासा गर्दा शैक्षिक समय तालिका मिलाई पाठ्यपुस्तक वितरण नहुँदा शैक्षिक स्तरमा ह्रास आउने देखिन्छ । अतः निकासा गरे बमोजिम वितरण गरेको भरपाई पेश गरिनु पर्ने देखिएको छ ।</td><td>२३२५०००.०</td></tr>
<tr><td>५६.</td><td>प्रमाण पेश गर्नुपर्ने : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसारका भूक्तानीमा पेश गर्नुपर्ने प्रमाणमा उल्लेख भएअनुसारका आवश्यक प्रमाण पेश नगरेकोले ती प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>भौ.न./मिति</th><th>विवरण</th><th>भुक्तानी रु.</th><th>पेश हुनपर्ने</th></tr>
<tr><td>१.</td><td>१४५-०७६/३/३१</td><td>सत्य माध्यामिक विद्यालय पाण्डुसैन आई सि टी कार्यक्रम अन्तर्गत ल्यापटप, कम्प्यूटर, प्रोजेक्टर खरिद</td><td>५९३०००.००</td><td>विद्यालयले दाखिला गरेको प्रमाण</td></tr>
</table></td><td>५९३०००.००</td></tr>
<tr><td>५७.</td><td>भरपाई : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले आर सि आई. डव्लु कार्यक्रमबाट भवानीमाण्डौ सडक निर्माणको प्राविधिक विल भरपाई सहित रु १९०००००।०० खर्च लेखेकोमा लागत अनुमान रु. २२६७०५३।९३ मा समावेश नभएको ड्राई वाल निर्माणको रु ७४८३०७।०० र ढुङ्गा सम्वन्धिको कार्यमा थप रु ६११८०५।०० समेत जम्मा रु १३६०११२।००को थप काम गराई भुक्तानी गर्दा भरिएसन आदेश स्विकृत नगराई खर्चलेखेको नियमित नदेखिएको रु.</td><td>१३६०११२.००</td></tr>
<tr><td>५८.</td><td>सर्वे खर्च :नगरेको कार्यको भुक्तानी गर्नु हुदैन । पालिकाले आर सि आई. डव्लु कार्यक्रमबाट भवानीमाण्डौ सडकको सर्वे वापत रु १,००,०००।०० खर्च लेखेकोमा सो कार्य गर्न प्राविधिक रुपमा असंभव भनेकोमा उपभोक्ता समिति स्वयं जाखिम लिने गरी कार्य सम्पन्न गरे पश्चात भुक्तानी गरेकोमा काम हुन पुर्वको सर्वे कार्यको खर्च लेखेकोले सम्वन्धितलाई जिम्मेवार वनाई भक्तानी पाउनेवाट असूल हुनु पर्ने रु.</td><td>१०००००.००</td></tr>
<tr><td>५९.</td><td>फ्रिज : प्रदेश विशेष कोषबाट यस पालिकालाई रु ७५०००००।०० निकासा भएकोमा रु २९५२२००।००</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | खर्च गरि रु ४५४७८००।०० कोलेनिका फिर्ता पठाउनु पर्नेमा रु ४५०००००।०० मात्र फिर्ता पठाएको देखिएकोले नपुग रु ४७८००।०० फ्रिज गराई भोचर पेश हुनुपर्ने रु | ४७८००.०० |
| ६०. | **कर विजक** : मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्विकृत भए देखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्दछ । त्यसरी कर विजक जारी गर्दा विजक नं. नभएको, विल कम्प्यूटर प्रिन्टेड हुन नहुने, केरमेट नभएको हुनुपर्ने उल्लेख छ । कोल्टी बुढीनन्दा सडक मर्मत कार्य वापत शुशिल कन्ष्ट्रक्सनलाई रु २९६५०११.००भुक्तानीमा विजक मिति उल्लेख नगरेको देखिएकोले भुक्तानी भएको मु.अ.कर रु ३४११०७.५३को समायोजनको प्रमाण पेश गर्नु पर्ने रु. | ३४११०७.५३<br>३४११०७.५३ |
| ६१. | **जग्गा वेगर प्रशासकीय भवनको ठेक्का:** जग्गा वेगर भवन निर्माणको ठेक्का गर्नु उचित मान्न नसकिने भए पनि यस नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न १८८३।७३ वर्गमिटर जग्गा आवश्यक पर्नेमा हाल ५५० वर्गमिटर जग्गा मात्र आफ्नो नाममा रहेकोमा भवन निर्माण गर्न आवश्यक जग्गा वेगर २०७६।१।२९ मा ईविडिङ्ग मार्फत ठेक्का आहवान गरी सवैभन्दा घटी कवोल गर्ने धोदुङ्ग एच.टि.सी. जेभिसंग २०७९।३।२० सम्ममा कार्य सम्पन्न गर्नेगरी २०७६।३।२३ मा मूल्य अभिवृद्धि कर सहित ७,४३,७१,९९७।८८ मा संभ्फौता गरी रु १,३०,००,०००।०० पेश्की दिएको उचित नभएको रु | १३००००००.० |
| ६२. | **भेरिएशनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दा पुर्वानुमान गर्न नसकिने<br>कामको लागि प्राविधिक पुष्ट्याईसहित डिजाइन परिवर्तनसमेत गरी भेरिएसन गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले कोल्टी पादुका सडक मर्मत कार्यको लागत अनुमान मूल्य अभिवृद्धि कर सहित रु. ५७३५४०५।०० रही बोलपत्र मूल्याकंन बाट निर्माण व्यवसायी सि. आई. कन्ष्ट्रक्सन, बाजुरालाई मूल्य अभिवृद्धि कर सहित रु. ५६९२२८७।०० (०.७५ प्रतिशत घटी) मा कार्य गर्नेगरि २०७५।३।१० मा सम्झौता गरि २०७५।३।३० मा कार्य सम्पन्न गर्नेगरि कार्यादेश दिएकोमा कार्य सम्पन्न गरि पेश भएको नापी किताव र कार्य सम्पन्न प्रतिवेदन अनुशर रु ५६४१७५५।२४भुक्तानी दिदा लागत अनुमानमा भएको परीमाण भन्दा २९.५६ प्रतिशत घटी/बढी कार्य गराई भेरिएशन आदेश वेगर रु ७१८२१८।०० निर्माण व्यवसायीलाई थप भुक्तानी गरेकोले भेरिएशन आदेश वेगर भुक्तानी दिने आधार पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु | ७१८२१८।० |
| ६३. | **भेरिएशन आदेश** : कोल्टी बजार खानेपनी वितरण कार्य लागत अनुमान मूल्य अभिवृद्धि कर बाहेक रु. ५९२५१९५।०० रही बोलपत्र मूल्याकंन बाट निर्माण व्यवसायी दिव्यश्वरी निर्माण सेवा, बाजुरालाई मूल्य अभिवृद्धि कर बाहेक रु. ५८८४८८४।०० (०.६८ प्रतिशत घटी) मा कार्य गर्नेगरि २०७५।३।१० मा सम्झौता गरि २०७५।३।३० मा कार्य सम्पन्न गर्नेगरि कार्यादेश दिएकोमा कार्य सम्पन्न गरि पेश भएको नापी किताव र कार्य सम्पन्न प्रतिवेदन अनुशर रु ५८४९३७८।२४भुक्तानी दिदा लागत अनुमानमा भएको भएको परीमाण भन्दा ३३.३१ प्रतिशत घटी/बढी कार्य गराई भेरिएशन आदेश वेगर रु ६२०९८६।०० निर्माण व्यवसायीलाई थप भुक्तानी गरेकोले भेरिएशन आदेश वेगर भुक्तानी दिने आधार पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु | ६२०९८६।०० |
| ६४. | **पेश्की** :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिमको पेश्की फछ्र्यौट भएको छैन । अतः नियमानुसार पेश्की दिई समयमा फछ्र्यौट गर्नुपर्दछ । | ७६४८०००.० |

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | प्रशासकिय भवन निर्माणको थुदेङ्ग एच.टी.सी. जे.भि | १३००००००.०० | मथि उल्लेख भएको |
| २. | सामुदायिक स्वास्थ्य इकाई केन्द् नौलाकोट | ५०००००.०० | |
| ३. | सामुदायिक स्वास्थ्य इकाई केन्द् अगाउपानी | १२०००००.०० | |
| ४. | सामुदायिक स्वास्थ्य इकाई केन्द् कुरु | १२०००००.०० | |
| ५. | सामुदायिक स्वास्थ्य इकाई केन्द् कोल्टी | ५०००००.०० | |
| ६. | सामुदायिक स्वास्थ्य इकाई केन्द् तिनेचैर | ५०००००.०० | |
| ७. | सामुदायिक स्वास्थ्य इकाई केन्द् सवै | ३३०००००.०० | |
| ८. | सत्य मावि फलामे गेट निर्माण | २०००००.०० | |
| ९. | ल्याण्डफिल साइट वातावरणीय अध्ययन केएनके इन्जिनियरिङ्ग | २४८०००.०० | |
| | **जम्मा** | **७६४८०००.०** | |

| | | |
|---|---|---|
| ६५. | **सामाजिक सुरक्षा भत्ता पाउनेको लगत** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ को नियम ६ मा सुविधा उपयोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यस्था छ । साविकमा परिचयपत्र लिएका व्यक्तिहरुले समेत आगामी आर्थिक वर्षमा भत्ता पाउनको लागि तोकिएको मितिभित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गराउनु पर्ने व्यवस्था छ । निर्देशिकाको नियम ६(२) मा चालु आर्थिक वर्षको आषाढभित्र उमेर पुग्ने नागरिकहरुले नगरपालिकामा चालु आर्थिक वर्षको मंसिर १५ गतेसम्म दरखास्त दिनुपर्ने र दरखास्त दिएका लक्षित समुहलाई नगरपालिकाले निर्देशिका अनुसार परिचयपत्र उपलब्ध गराउनु पर्ने तथा आर्थिक वर्षको श्रावण १ देखि परिचयपत्र कार्यान्वयन हुने व्यवस्था छ । नगरपालिकाले यो आर्थिक वर्षमा रु ३५०१९०००। सामाजिक सुरक्षा खर्च लेखेको छ । सामाजिक सुरक्षा अनुदान प्राप्त गर्नेहरुको अनलाईन डाटावेस तयार गरी सोही आधारमा खर्च तथा अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिएको छ । साथै वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता हालसम्म बैक मार्फत वितरण गरेको देखिएन । बैंक मार्फत हितकारी व्यक्तिको खातामा सामाजिक सुरक्षा भत्ता वितरण कार्य गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन : | |
| | १. वार्ड नं. ३को सि.नं. जेष्ठ दलित जलु ल्वारको भरपाईमा बुझेको नदेखिएकोमा सो रकम खर्च लेखेको असुल हुनुपर्ने रु | ४०००.०० |
| | २. वार्ड नं. ३ पेश भएको तेश्रो किस्ता वितरण भरपाईमा धनरुपे बहिराको दोहोरो परेको जनाई भुक्तानी नगरेता पनि पहिलो र दोश्रो चौमासिकमा रु ८०००।०० दरले खर्च लेखेको असुल हुनुपर्ने रु | १६०००.०० |
| | ३. वार्ड नं. ३ पेश भएको तेश्रो किस्ता वितरण भरपाईमा जौराम खडकाको दोहोरो परेको जनाई भुक्तानी नगरेता पनि पहिलो र दोश्रो चौमासिकमा रु ८०००।०० दरले खर्च लेखेको असुल हुनुपर्ने रु | १६०००.०० |
| ६६. | **फ्रिज :** सामाजिक सुरक्षा तथा पञ्जिकरण कार्यकमकमा यस वर्ष यस पालिकालाई रु ३७४९२६००। निकासा भएकोमा रु ३५०१९०००। खर्च गरि बाँकी रहेको रु २४,७३,०००। र गतको फ्रिज नगराई संञ्चित कोषमा रहेको रु ३,५४,०००। समेत जम्मा रु २८,२७,०००। कोलेनिका फिर्ता पठाउनुपर्नेमा नपठाएको देखिएकोले रु २८,२७,०००। बेरुजु खातामा दाखिला गरि भौचर पेश हुनुपर्ने रु | २८२७०००.०० |
| | **बेरुजु तथा संपरीक्षणः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा महालेखापरीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजूहरु सम्वन्धमा सो बेरुजूको सूचना प्राप्त भएको पैतिस दिनभित्र सम्वन्धित कार्यालयले फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । गत विगत वर्षको बेरुजु मध्ये संपरीक्षणका लागि २४४९४.००लेखापरीक्षण डोरमा पेश गरेकोमा आ.व. २०७४।७५ को निम्न दफा नं. को रु.२४४९४.०० संपरीक्षण भएको छ । बाँकी बेरुजु समेत समयमै फछ्र्यौट गरि संपरीक्षण गर्ने गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |

| सि.नं. | आ.व. | व्यहोरा | अनुरोध रकम | सम्परीक्षण रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | २२.३ | नपाउने प्रशिक्षक भत्ता असूल चकदेव जोशी | ३४००.०० | ३४००.०० | नगद दाखिला |
| २. | २२.३ | खगेन्द्र साउदको दाखिला | १४८७५.०० | १४८७५.०० | नगद दाखिला |
| ३. | २२.५ | अगिैम कर चकदेव जोशी | ६२१९.०० | ६२१९.०० | नगद दाखिला |
| | | जम्मा | २४४९४.०० | २४४९४.०० | |

अनुसूची– १

## बुढिनन्दानगरपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बाजुरा | बुढिनन्दा नगरपालिका | ३० | ३६ | ६२९५२ | ० | ० | ० | ३० | ३६ | ६२९५२ | ८२९० | १६११४ | ३०९०० | ० | ० | ५५३०४ | ० | ७६४८ | ७६४८ |

## बुढिनन्दानगरपालिकाको सञ्चित कोष विवरण

अनुसूची - २

२०७५/७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| बुढिनन्दा नगरपालिका | बाजुरा | ६०१०६ | ११६५९९ | २६२०७३ | ५३५७४ | ४३२२४६ | २७३५६० | १५२६४४ | १९६६७ | ४४५८७१ | ४६४८२ |

## अद्यावधिक वेरुजू स्थिति

अनुसूची - ३

२०७५/७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|
| बुढिनन्दा नगरपालिका | बाजुरा | ३२४४४ | २४ | ३२४२० | ० | ६२९५२ | ९५३७१ |